क्रमसंख्या-२१

# नेपालमा थेरवाद बुद्धधर्मको

# संक्षिप्त इतिहास


लेखक:

**आचार्य भिक्षु अमृतानन्द**




प्रकाशक:

आनन्दकुटी विहार गुठी
स्वयम्भू, आनन्दकुटी,
काठमाडौं, नेपाल।
फो. नं. १४४२०

बु. सं. २५२५। वि. सं. २०३८। ईस्वी १९८२। ने. सं. ११०२

मूल्य यथाश्रद्धा


Downloaded from http://www.dhamma.digital



यो पुस्तिका प्रकाशन गर्नमा सहयोग गर्नु हुने दाता श्री धर्मवीर शाक्य र वहाँकी श्रीमती हेरादेवी शाक्य ।

Downloaded from http://www.dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास

## थेरवाद बुद्धधर्मको प्रवेश

"हिजो आज भित्तामा चित्रित गरेका भिक्षुहरू मात्र छन्, सजीव भिक्षुहरू कहाँ छन् र ?" भन्ने यो कुरा पाटनको हिरण्यवर्ण महाविहार (क्वाबहाल) मा चूडाकर्म गर्नको निमित्त जाँदा गुभाजु आचार्यहरूले भनेको मैले सुनेको थिएँ ।

जीवनमा मैले पहिलो पटक सजीव भिक्षुको दर्शन सन् १९३५ मा भगवान् बुद्ध परिनिर्वाण हुनु भएको भारतको कुशीनगरमा, पाएको थिएँ । अनि भगवान् बुद्धको परिनिर्वाण मञ्च भएको मन्दिरमा गई "आउँदो वर्षमा प्रव्रजित हुनेछु" भनी मनमनै प्रतिज्ञा गरें । अनि सन् १९३६ बैशाख महीनामा पाल्पातान्सेनबाट उक्त स्थानमा गई अगष्ट २ तारिख-को दिन स्वर्गीय ऊ. चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा १८ वर्षको उमेरमा श्रामणेर (प्रव्रजित) भएँ ।

प्रव्रज्या पछि पूज्य गुरूज्यूले मलाई हाल स्वर्गीय महाप्रज्ञा महा-स्थविरकहाँ पठाउनु भयो । त्यस बखत वहाँ, पश्चिमबङ्गाल, कालिम्पो-ङ्गमा बस्नु भएको थियो । वहाँ यस युगको सर्वप्रथम नेपाल–थेरवादी भिक्षु हुनुहुन्थ्यो । वहाँ हिन्दू संस्कारमा हुर्किनु भएको भएता पनि सर्व-



Downloaded from http://www.dhamma.digital

प्रथम सन् २९२४ मा ल्हासाबाट आउनु भएका स्वर्गीय छेरिङ्नोर्बु लामा गुरूसँग तिब्बेतियन परम्परा अनुसार काठमाडौंमा प्रव्रजित हुनु भएको हो । त्यस समय श्री ३ चन्द्रशम्शेरको शासन काल थियो । वहाँसंगै अरू पनि चारजना प्रव्रजित भएका थिए । हिन्दूबाट बौद्धधर्ममा परिवर्तित भएको हुनाले वहाँ सहित वहाँका गुरूलाई देशबाट निष्कासन गरिएको थियो । देश निकाला भएपछि वहाँ ल्हासा जानुभयो । केही वर्ष पछि त्यहाँबाट भारतमा आउनु भयो र कुशीनगरमा ऊ चन्द्रमणी महास्थविरसँग सन् १९२८ मा थेरवाद परम्परानुसार पुनः प्रव्रजित (श्रामणेर) हुनुभयो । पछि चीवर बस्त्र त्यागी ब्रह्मचारी भेष लिनु भयो ।

सन् १९३७ (बि. सं. १९९३ पौष) तिर धर्मप्रचारको निमित्त म कालिम्पोङ्गबाट दार्जिलिङ्ग हुँदै पैदल हिडी नेपालको पूर्वीभाग भोजपुर गएँ । केही समयपछि महाप्रज्ञाज्यू पनि भोजपुर आइपुग्नु भयो । अनि वहाँले त्यहाँका भक्तजनहरूको निमित्त माटाको एउटा सुन्दर बुद्धमूर्ति बनाई धुमधाम साथ रथयात्रा गरी शाक्यमुनी विहारमा विधिवत् स्थापना गर्नुभयो । यो जमघट देखेर अघि नेपालबाट निष्कासित भएको भन्ने पनि थाहापाई त्यहाँका तत्कालीन बडाहाकिमले वहाँलाई भोजपुर जेलमा थुने । मलाई हेरेर बडाहाकिम भन्दछन् "स्यानो गुरूजी ! अब तपाइ के गर्नुहुन्छ, यहाँबाट फर्केर जानुहोस् ।" यो सुनेर मैले "म जन्मदेखि बौद्धहुँ । मेरा गुरूलाई छाडेर कहीं जान सक्दिन । म पनि वहाँकै साथमा जेल जान्छु ।" अनि के थियो, हामी दुवै जना भोजपुर जेलमा थुनियो ।

केही महीना पछि मैले स्वप्न देखें । "पाँच रङ्गका पाँचवटा सूर्य र एउटा मानिसको गर्धन चट्ट काट्दा बगेको रगत ।" बिउझे पछि यो कुरा महाप्रज्ञाज्यूलाई सुनाएँ । यो सुनेर वहाँले "आज हामीहरू यहाँबाट



Downloaded from http://www.dhamma.digital

बाहिर जान पाउनेछौं" भनी भन्नुभयो। नभन्दै बिहान ११ बजेतिर हामीलाई जेलको हाकिमले बोलाई सिपाही साथ लगाई देश निकाला गरे। भारतको सीमाना पुगेपछि सिपाहीले "फेरि कहील्यै नेपालमा न आउनू" भनी भन्यो। यस बखत श्री ३ जुद्धशम्शेरको शासन काल थियो।

उसै वर्ष त्रिपिटक पालिसाहित्य अध्ययन गर्नको निमित्त म बर्मा गएँ। अनि बर्माको माथिल्लो भाग मोल्मियन् भन्ने नगरको टाउँपोक् च्याउँ भन्ने बिहारमा केहीमहीना बसें। त्यस बखत त्यहाँ स्वर्गीय अग्गमहापण्डित ऊ. चक्कपाल महास्थविर हुनुहुन्थ्यो। नेपालका शाक्यानन्द र अनुरुद्ध महास्थविरहरू पनि त्यहाँ हुनुहुन्थ्यो। खानाको प्रतिकूलताले गर्दा त्यहाँबाट श्रीलङ्का गएँ।

श्रीलङ्का पुगी सर्वप्रथम लङ्काको प्रसिद्ध विद्यालङ्कार परिवेणमा बसें। पछि कोलम्बोको प्रसिद्ध वजिरारामभा बसें। सन् १९४० जनवरी २५ तारिखमा स्वर्गीय धम्मरक्खित वंसालङ्कार सिरि पेलेने वजिरञाण महास्थविरको आचार्यत्वमा उपसम्पन्न भएँ। आयुष्मान् सुबोधानन्द पनि मसंगै उपसम्पन्न हुनु भएको हो।

सन् १९४२ को अन्त्यतिर काठमाडौं आई स्वयम्भू किम्डोल विहारमा बसें। त्यस बखत त्यहाँ स्वर्गीय धर्मालोक महास्थविर र स्वर्गीय सुमङ्गल श्रामणेर हुनुहुन्थ्यो।

काठमाडौं उपत्यकामा त्यस बखत शुक्रराज शास्त्री सहित चारजना राजनीतिज्ञहरूलाई फाँसी दिएको हुनाले वातावरण डरलाग्दो थियो र धेरैं मानिसहरूलाई जेलमा थुनिएका थिए। पाँच जना मानिसहरू एकत्रित हुन नपाउने जङ्गी कानून पनि लागू भएको थियो। यस्तो अवस्थामा मैले स्वयम्भू पर्वतस्थानमा कार्तिक महीनाभर बिहान बिहान



Downloaded from http://www.dhamma.digital

धर्मोपदेश गर्न थालें । हजारौंको संख्यामा मानिसहरू एकत्रित हुनथाले । धर्मोपदेश समाप्तिको अवसरमा चारजना भिक्षुहरूद्वारा रातभर महापरित्राण पाठ भएको थियो । त्यसैबेलादेखि नेपालका बौद्धहरूमा ठूलो जागृतिको लहर चल्न थालेको हो ।

साथै मैले आफ्नो मातृभाषामा त्रिरत्नवन्दना, पाठघसूत्र, धम्मपद, संक्षिप्त बुद्धजीवनी तथा गृहविनय आदि पुस्तकहरू प्रकाशित गरें । तर अभाग्यवश यी सबै पुस्तकहरू श्री ३ जुद्धशम्शेरको सरकारले जफत गऱ्यो ।

यसै बीच बाहिर गएर बुद्धधर्म अध्ययन गरिरहनु भएका थेरवादी नेपाली भिक्षुहरू पनि काठमाडौं आउनु भयो । त्यसमध्ये श्रद्धेय प्रज्ञानन्द महास्थविर पनि हुनुहुन्थ्यो । हुन त वहाँ सन् १९३० मा कुशीनगरमा ऊ. चन्द्रमणी महास्थविरसँग प्रव्रजित हुने वित्तिकै काठमाडौं आउनु भएको थियो । तर केही दिनमै फर्केर बर्मातिर जानुभयो । साँच्चै भन्ने हो भने वर्तमान थेरवाद बुद्धधर्मको इतिहासमा काठमाडौंको सडकमा भिक्षाटन् गर्ने सर्वप्रथम भिक्षु वहाँनै हुनुहुन्थ्यो ।

## फेरि निष्कासन

सन् १९४४ (बि. सं. २०००) मा प्रज्ञानन्द महास्थविरले पाटनको एउटी महिलालाई अनगारिका बनाउने विचारले दार्जिलिङ्ग पठाउनु भएको रहेछ । अनि उहाँका घरका मानिसहरूको तरफबाट उजुरी परेको हुँदा त्यस बखत काठमाडौंमा भएका सबै भिक्षुहरूलाई सिंहदरबारमा बोलाई श्री ३ जुद्धशम्शेरले भिक्षुहरूलाई धर्मोपदेश नगर्ने आदेश दिंदा भिक्षुहरूले नमानेपछि सोही कुराको बहानाद्वारा तीनदिन भित्र भिक्षुहरूलाई देश निकाला गरियो ।

त्यस बखत म बनारस सारनाथमा थिएं । निष्कासित नेपाली



Downloaded from http://www.dhamma.digital

भिक्षुहरू सारनाथमा आइपुगे। अनि त्यहाँ ऊ. चन्द्रमणी महास्थविरको अध्यक्षतामा 'धर्मोदय सभा'को स्थापना भयो । सभाको सचिव पदमा म छानिएको थिएँ । अनि भारतमा जति पनि बौद्ध संस्थाहरू थिए ती सबैसँग भिक्षुहरू निष्कासित भएको बारेमा नेपाल सरकारको विरोध गर्नको निमित्त मैले अपील गरें । लङ्का, बर्मा, थाइलैण्ड आदि थेरवादी बौद्ध देशहरूलाई पनि पत्र पठाएँ ।

पछि म आफ्ना गुरूकहाँ लङ्कास्थित कोलम्बो वजिराराममा गएँ र पूज्य नारद महास्थविरको नेतृत्वमा एक शिष्ट मण्डल नेपाल आइदिनको निमित्त अनुरोध गरें । यस सम्बन्धी लेखापढी हुँदा श्री ३ जुद्धशम्शेरको सरकारले "नेपाल आउन सक्छ तर कुनै धर्मदेशना गर्न पाइने छैन" भन्ने प्रत्युत्तर दिएपछि नारद महास्थविर आउन चाहनु भएन । तर वहाँलाई अनेक प्रकारले सम्झाई बुझाई सन् १९४६ मा (अप्रेल महीना) वहाँको नेतृत्वमा म सहित पाँच सदस्यीय एक शिष्ट मण्डल काठमाडौं ल्याउन सफल भएँ ।

त्यस बखत नेपालमा भरखरै श्री ३ पद्मशम्शेरले राज्य गरिरहेका थिए । काठमाडौं आइपुगेपछि आनन्दकुटीमा धर्मोपदेश गराउने अनुमति प्राप्त गरी धर्मोपदेश पनि गराएँ । पछि श्री ३ पद्मशम्शेरसँग विशाल नगरमा भेट हुँदा मैले "निष्कासित भिक्षुहरूलाई फर्काई पाऊँ" भनी बिन्ति गर्दा "म भरखरै मात्र प्राइमिनिष्टर भएको छु । जुद्धशम्शेर अहिलेसम्म छँदै छन्" भनी श्री ३ पद्मशम्शेरले भने पछि मैले "त्यसोभए धर्मालोक भन्ने एक बृद्ध भिक्षुलाई मात्र फर्काई पाउँ" भनी बिन्ति गर्दा "हुन्छ" भन्ने प्रमांगी भयो । धर्मालोक महास्थविर आइपुग्नु भएपछि हामी फर्क्यौं । धर्मालोक महास्थविर आनन्दकुटी आइपुग्नु भएको बेलामा (जेष्ठ शुक्ल ६, जून १९४६) वहाँका आँखामा प्रीतिमय आँसु भरिएको



Downloaded from http://www.dhamma.digital

थियो र "अमृतानन्द ! तपाइले निभिसकेको बत्तीलाई फेरि बालिदिनु भयो" भन्ने उद्‌गार प्रकट गर्नु भयो। त्यसपछि क्रमशः अरू भिक्षुहरू पनि काठमाडौं फर्के।

## केही स्मरणीय घटनाहरू

सन् १९४७ अप्रैलमा नारद महास्थविर फेरि नेपालमा आउनुहुँदा वहाँले सर्वज्ञ धातु र बोधिवृक्षको बिरुवा उपहार दिनु भएको थियो र यसको लागि चैत्य बनाइएको थियो।

आनन्दकुटी विहारमा निर्मित श्री लंका चैत्यको उद्‌घाटन समारोहको निमित्त नारद महास्थविर पुनः सन् १९४८ (जून महीना) मा नेपाल आउनु भयो। त्यस बखत श्री ३ मोहन शम्शेर प्राइमिनिष्टर थिए। अनि वहाँले श्री ३ मोहन शम्शेरसँग "बैशाख पूर्णिमाको दिन छुट्टि गराइ पाउँ" भनी प्रार्थना गर्दा श्री ३ मोहन शम्शेरले "केवल बौद्ध कर्मचारी-हरूको निमित्त मात्र छुट्टि दिने" वचन दिएका थिए (सन् १९४८ जून)। त्यसै समय नारद महास्थविरले आनन्दकुटी विहारमा सीमागृहको सम्मत गरी स्थापना गर्नु भयो।

सन् १९५१ फेब्रुवरीमा कोलम्बो वजिरारामवासी मदिहे पञ्ञासीह र पण्डित ञानरतन महास्थविरहरू लंकाबाट काठमाडौं आउनु भएको थियो र स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवसँग नारा-यणहिटी राजदरबारमा भेट भएको थियो। त्यस बखत म पनि वहाँहरूसँग राजदरबार गएको थिएँ। भेटको सुअवसरमा हामीले मौसूफ सरकारको सुस्वास्थ्यको कामनाको निमित्त परित्राण पाठ गरी मौसूफ सरकारको बाहुलीमा मैले परित्राण–सूत्र बाँधिदिएको थिएँ। त्यहाँदेखि मौसूफ सरकारसँग सौहार्दपूर्ण मैत्री सम्बन्ध अन्तिम समयसम्म (सन् १९५५) रहिरहेको थियो। त्यसै गरी यो मैत्री सम्बन्ध स्वर्गीय श्री ५ महेन्द्र



Downloaded from http://www.dhamma.digital

वीर विक्रम शाहदेवसँग पनि रही आए जस्तै हाल श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवसँग पनि उत्तिकै सौहार्दपूर्ण मैत्री सम्बन्ध रहिनै आएको छ भन्न पाउँदा मलाई खुशी लाग्छ । श्री ५ त्रिभुवनका पालादेखि अहिलेसम्म श्री ५ सरकारहरूका शुभजन्मोत्सवको उपलक्षमा आनन्दकुटी विहारमा भिक्षुमहासङ्घद्वारा महापरित्राण पाठ गरिँदै आइएको छ ।

यसै सालमा (अक्टोबर) मौसूफ सरकारकै अध्यक्षतामा भगवान् बुद्धका युगल अग्रश्रावक सारिपुत्र तथा महामोद्गल्यायनका भष्मावशेष अस्थि धातुहरू कलकत्ता महाबोधिसभाबाट ३१ तोपको सलामीको साथ राजकीय सम्मानपूर्वक नारायणहिटी राजदरबारमा एक रात राखी आनन्द-कुटी विहारमा दुइहप्ता प्रदर्शनीको निमित्त ल्याइएको थियो । नेपालीहरूको निमित्त यो अत्यन्त महत्वपूर्ण घटना थियो । लाखौं मानिसहरूले आनन्द-कुटीमा अस्थिधातुको दर्शन तथा पूजा गरेका थिए । यसै सालमा मैले "अखिल नेपाल भिक्षुमहासङ्घ" नामक भिक्षुहरूको एक सभा स्थापना गरेको थिएँ ।

सन् १९५२ को बैशाख पूर्णिमाको दिन बिहान तत्कालीन श्री ५ युवराजधिराज महेन्द्र सरकार सहित श्री ५ त्रिभुवन सरकार आनन्द-कुटीमा सवारी भई बुद्धपूजा पछि मौसूफहरूको सुस्वास्थ्य कामना गरी त्यहाँका भिक्षुहरूले परित्राण पाठ गरेका थिए । त्यसै दिन बिहान मौसूफकै सभापतित्वमा भुइखेलमा भएको विशाल सार्वजनिक सभामा "बैशाख पूर्णिमाको दिन सार्वजनिक छुट्टी पाउँ" भनी प्रार्थना गर्दा श्री ५ त्रिभुवन सरकारबाट सोही सभामा "बैशाख पूर्णिमाको दिन अधिराज्यभर सार्वजनिक छुट्टीको घोषणा" गरिबक्सेको थियो (२००८ जेठ ७ गते) ।

सन् १९५४ को बैशाखपूर्णिमाको दिन अपराह्‌ण श्री ५ त्रिभुवन सरकारको सभापतित्वमा आनन्दकुटी बिहारमा सार्वजनिक सभा भएको थियो ।



Downloaded from http://www.dhamma.digital

सन् १९५६ (बि.सं. १६१२ फागुण ७ गते) मा स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेव सरकार लुम्बिनी सवारी होइबक्संदा "बैशाख पूर्णिमाको दिन हिंसा बन्द गरी पाऊँ" भनी प्रार्थना गर्दा मौसूफ सरकारबाट त्यहाँ भएको विशाल सार्वजनिक सभामा "अधिराज्यभर बैशाख पूर्णिमाको दिन (परम्परादेखि चलि आएको पूजामा बाहेक) हिंसा गर्न पाइने छैन" भन्ने अभयदानको घोषणा गरिबक्सेको थियो। सोही अवसरमा सम्राट् अशोकले झैं लुम्बिनीमा 'महेन्द्र स्तम्भ'को शिलान्यास पनि गरिबक्सेको थियो।

सन् १९७७ (बु. व. २५२१) को बैशाख पूर्णिमाको दिन अपराह्ण श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको आनन्द कुटी विहारमा सवारी भयो र बुद्ध पूजा पछि मौसूफ सरकारको सभापतित्वमा सार्वजनिक सभा भएको थियो।

## प्रथम थेरवाद–विहार

स्वयम्भू पहाडको उत्तरपट्टि निर्मित आनन्द कुटी विहार नै थेरवादी बौद्धहरूको सर्वप्रथम केन्द्रीय विहार हो। यसको थालनी स्वर्गीय धर्मालोक महास्थविरबाट सन् १९४३ मा भएको हो। हाल यहाँ एउटा बुद्ध मन्दिर, श्रीलङ्का चैत्य, धर्मदेशना शाला, सीमागृह, भोजन शाला र भिक्षुहरू बस्ने तीनवटा घरहरू छन्।

सन् १९७३ (बि.सं. २०२९।६।२२।१) मा मैले "आनन्द कुटी बिहार गुठी"को स्थापना गरें। जसको उद्देश्य आनन्दकुटी विहारको हेरचाह संरक्षण र बुद्धधर्मको प्रचार प्रसारका साथै विहारमा बस्ने भिक्षुहरूको निमित्त भोजन आदिको व्यवस्था गर्नु हो।

हाल काठमाडौं उपत्यकामा जम्मा १२ वटा बिहारहरू छन् र उप-



Downloaded from http://www.dhamma.digital

त्यका बाहिर १५ वटा बिहारहरू छन् । आनन्दकुटीमा बाहेक नेपालमा दुई वटा सीमागृहहरू छन् । एउटा पाटनस्थित श्रीसुमङ्गल विहारमा । यसको सम्मत स्थापना सन् १९५१ मा लङ्काबाट आउनु भएका मदिहे पञ्ञा-सीह र पण्डित ञानरतन महास्थविरहरूद्वारा गरिएको थियो । अर्को चाहिं लुम्बिनीमा अनुरुद्ध महास्थविरद्वारा सन् १९७४ मा सम्मत गराई स्थापना गरिएको छ ।

नेपाल अधिराज्यभरमा अहिले करीब ५७ जना जति भिक्षुश्रामणेर-हरू छन् । यो मध्ये जेठा भिक्षु प्रज्ञानन्द महास्थविर हुनुहुन्छ । वहां अहिले ८२ वर्ष पुगिसक्नु भएको छ र उपसम्पदाको आधारमा चाहिं ५० वर्ष हुनु भएको छ । त्यसपछि शाक्यानन्द महास्थविर, अनुरुद्ध महास्थविर अनि म तथा सुबोधानन्द महास्थविर हुनुहुन्छ । उपरोक्त भिक्षुसंख्यामध्ये ७ जना भिक्षुहरू थाइलैण्डमा र १० जना श्रामणेरहरू श्रीलङ्कामा बौद्धधर्म अध्ययन गरिरहेका छन् । नेपाल अधिराज्यभरमा करीब ६० जना जति अनगारिका उपासिकाहरू छन् ।

## बौद्ध साहित्य

विभिन्न भिक्षुहरूद्वारा तयार गरिएका ३०० भन्दा बढी बौद्ध पुस्त-कपुस्तिकाहरू अहिलेसम्म प्रकाशित भइ सकेका छन् ।

आनन्दकुटी विहार गुठीले क्रमिकरूपमा बुद्धकालीन ग्रन्थहरू नेपा-लीमा प्रकाशित गर्दै आएको छ । यस गुठीले पालि बौद्ध साहित्यका विषयहरूलाई नेपाली साहित्यमा उपलब्धि गराई ठूलो सेवा गरेको छ । यस गुठीले प्रकाशन नगरुञ्जेलसम्म नेपालीमा पालि साहित्यका पुस्तक-हरू एउटा पनि थिएन भन्नुमा अतिशयोक्ति हुने छैन । नेपाली र नेवारी भाषाद्वय राखी यस गुठीले विगत नौ वर्षदेखि "आनन्दभूमि"



Downloaded from http://www.dhamma.digital

नामक मासिक पत्रिका पनि प्रकाशित गर्दै आएको छ । नेपाल अधिराज्यभरमा यही एक बौद्ध मासिक पत्रिका हो ।

धर्मकीर्ति विहार (उपासिकाराम)ले मात्र ८० वटा पुस्तकपुस्तिकाहरू प्रकाशित गरेको छ ।

विगत पन्ध्रौं वर्षदेखि भिक्षु बुद्धघोष स्थविरले परियत्ति शिक्षा चलाउँदै आउनु भएको छ । हालसालै मात्र भिक्षु अश्वघोष स्थविरले भिक्षुहरूको निमित्त पालिभाषाको शिक्षा दिने व्यवस्था नव निर्मित संघाराममा मिलाउनु भएको छ । यसरी विगत ४० सौं वर्ष अघिदेखि थेरवादी नेपाली भिक्षुहरूको धर्मदूत तथा धर्म प्रचारको फलस्वरूप नेपालका सबै प्रकारका बौद्धहरूमा जागरण हुँदै आएको देख्न पाउनु सबैको लागि खुशी तथा सन्तोषको कुरा हो ।

– भिक्षु अमृतानन्द
फागुन ७, २०३८

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल ।
फो. नं. १४४२०

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

| काठमाडौं उपत्यका भित्रका विहारहरू: | त्यसमा बस्ने भिक्षुहरू: |
| --- | --- |
| **१. आनन्दकुटी विहार** | अनुरुद्ध महास्थविर, प्रधान |
| स्वयम्भू, काठमाडौं, | भिक्षु अमृतानन्द महास्थविर, उपप्रधान |
| नेपाल । | भिक्षु महानाम |
| फो.नं. १४४२० | भिक्षु अश्वघोष |
| | भिक्षु कुमार काश्यप |
| | भिक्षु मैत्री |
| **२. श्रीघः विहार** | भिक्षु ज्ञानसागर स्थविर |
| नघल टोल, काठमाडौं, | |
| नेपाल । | |
| **३. गण महाविहार** | सुबोधानन्द महास्थविर, प्रधान |
| गण बहाल, काठमाडौं, | भिक्षु प्रज्ञारश्मि स्थविर |
| नेपाल । | भिक्षु सुदर्शन स्थविर, एम. ए. |
| **४. बुद्ध विहार** | भिक्षु सुमङ्गल स्थविर, प्रधान, एम. ए. |
| भृकुटीमण्डप, काठमाडौं, | |
| नेपाल । | |
| फो. नं. १५७४३ | |
| **५. सङ्घाराम** | भिक्षु अश्वघोष स्थविर, प्रधान |
| लुति बिष्णुमती, | दश श्रामणेरहरू |
| काठमाडौं, नेपाल । | |



Downloaded from http://www.dhamma.digital

६. श्री सुमङ्गल विहार भिक्षु बुद्धघोष स्थविर, प्रधान
लुकुसिटोल, पाटन, एक श्रामणेर
नेपाल ।

७. शाक्यसिंह विहार प्रज्ञानन्द महास्थविर, प्रधान
थइनाटोल, पाटन, तीनजना श्रामणेरहरू
नेपाल ।

८. मणिमण्डप विहार भिक्षु ज्ञानपूर्णिक स्थविर, प्रधान
पर्को, पाटन, भिक्षु शीलभद्र
नेपाल । भिक्षु कालुदायी

९. नगरकीर्ति मण्डप विहार
कातिपुर, काठमाडौं,
नेपाल ।

१०. प्रणिधिपूर्ण विहार
बलम्बु, काठमाडौं,
नेपाल ।

११. मुनि विहार भिक्षु महेन्द्र
भक्तपुर, नेपाल ।

१२. समस्कृत विहार भिक्षु विवेकानन्द स्थविर, प्रधान
भक्तपुर, नेपाल ।

## उपत्यका बाहिरका विहारहरू: त्यसमा बस्ने भिक्षुहरू:

१. चन्द्रकीर्ति विहार भिक्षु महापन्थ स्थविर
बनेपा, नेपाल ।



Downloaded from http://www.dhamma.digital

२. सुदर्शन विहार — भिक्षु बोधिसेन
बनेपा, नेपाल ।

३. ध्यानकुटी विहार — भिक्षु अश्वघोष स्थविर, प्रधान
बनेपा, नेपाल । — भिक्षु थानसेत्थ

४. पूर्वाराम विहार — भिक्षु धम्मानन्द
धुलिखेल, नेपाल । — भिक्षु गुणघोष

५. बुद्ध विहार — भिक्षु मैत्री
धरान, नेपाल ।

६. शाक्यमुनि विहार
भोजपुर, नेपाल ।

७. सिद्धि विहार
चैनपुर, नेपाल ।

८. सुगतपुर विहार — भिक्षु मेधङ्कर स्थविर
त्रिशुली, नेपाल ।

९. बुद्ध विहार
पोखरा, नेपाल ।

१०. आनन्द विहार — शाक्यानन्द महास्थविर, प्रधान
पाल्पातान्सेन, नेपाल ।

११. महाचैत्य विहार
पाल्पातान्सेन, नेपाल ।

१२. होलन्दी बुद्ध विहार — भिक्षु चुन्द स्थविर, प्रधान
पाल्पातान्सेन, नेपाल ।



Downloaded from http://www.dhamma.digital

१३. पद्मचैत्य विहार — भिक्षु चुन्द स्थविर, प्रधान
बुटवल बजार, नेपाल ।

१४. बुद्ध विहार — अनुरूद्ध महास्थविर, प्रधान
लुम्बिनी, भैरहवा, नेपाल। — भिक्षु विमलानन्द स्थविर

१५. बुद्धप्रकाश विहार
नारायणगढ, नेपाल ।

उपासिकाराम काठमाडौंमा:

१. महापरिनिर्वाणविहार (उपासिकाराम) अनगारिका विरति, प्रधान
किण्डोल, काठमाडौं,
नेपाल ।

२. धर्मकीर्ति विहार (उपासिकाराम) अनगारिका धम्मवति, प्रधान
नघःल टोल, काठमाडौं,
नेपाल ।
फो. नं. १४५९५.

## भिक्षु अमृतानन्दका पुस्तकहरू:

नेवारीमा:

१. त्रिरत्न वन्दना
२. पाठ्यसूत्र
३. धम्मपद
४. संक्षिप्त बुद्ध जीवनी
५. गृह विनय
६. धम्मपदट्ठकथा
७. अग्रश्रावक
८. कर्म विभाग

नेपालीमा:

१. संक्षिप्त बुद्धजीवनी
२. धम्मपद
३. गृहीविनय
४. अग्रश्रावक
५. कस्को कुरा सत्य छ?
६. वेस्सन्तर जातक
७. बुद्ध शासनको इतिहास
८. पटाचारा स्थविरा



Downloaded from http://www.dhamma.digital

९. महास्वप्न जातक
१०. आर्यसत्य
११. धर्म व विनय
१२. प्रजापति गौतमी
१३. सर्वज्ञधातु
१४. ज्ञानमाला
१५. जातक माला भाग–१.
१६. जातक माला भाग–२.
१७. बुद्ध शासनया इतिहास
१८. वेस्सन्तर जातक
१९. बौद्धकहानी
२०. सूत्र संग्रह

९. अम्बसक्कर प्रेतकथा
१०. सुतनु जातक
११. जापान भ्रमणको डायरी
१२. जातक संग्रह भाग–१.
१३. जातक संग्रह भाग–२.
१४. जातक संग्रह भाग–३.
१५. बुद्धकालीन ब्राह्मण भाग–१.
१६. बुद्धकालीन ब्राह्मण भाग–२.
१७. बुद्धकालीन ब्राह्मण भाग–३.
१८. बुद्धकालीन गृहस्थीहरू भाग–१.
१९. बुद्धकालीन गृहस्थीहरू भाग–२.
२०. बुद्धकालीन गृहस्थीहरू भाग–३.
२१. बुद्धकालीन महिलाहरू भाग–१.
२२. बुद्धकालीन महिलाहरू भाग–२. (प्रेसमा)
२३. बुद्धकालीन राजपरिवार भाग-१
२४. बुद्धकालीन श्रावक चरित भाग–१
२५. बुद्धकालीन परिव्राजकहरू भाग–१
२६. बुद्धकालीन श्राविका चरित भाग–१
२७. बुद्धकालीन ब्रह्मादिदेव भाग–१.
२८. बुद्धकालीन प्रेतकथा
२९. बुद्धकालीन विमान कथा
३०. संक्षिप्त कथा सहित धम्मपद
३१. विषय–सूची (प्रेसमा)



Downloaded from http://www.dhamma.digital

## आनन्दकुटी विहार गुठीका प्रकाशनहरू:

१. बुद्धकालीन ब्राह्मण भाग–१
२. बुद्धकालीन ब्राह्मण भाग–२
३. बुद्धकालीन ब्राह्मण भाग–३
४. बुद्धकालीन गृहस्थीहरू भाग–१
५. बुद्धकालीन गृहस्थीहरू भाग–२
६. बुद्धकालीन गृहस्थीहरू भाग–३
७. जातक संग्रह भाग–१
८. जातक संग्रह भाग–२
९. जातक संग्रह भाग–३
१०. बुद्धकालीन राजपरिवारहरू भाग–१
११. बुद्धकालीन महिलाहरू भाग–१
१२. बुद्धकालीन परिव्राजकहरू भाग–१
१३. बुद्धकालीन श्रावक चरित भाग–१
१४. बुद्धकालीन श्राविका चरित भाग–१
१५. बुद्धकालीन ब्रह्मादिदेव भाग–१
१६. बुद्धकालीन प्रेतकथा
१७. बुद्धकालीन विमान कथा
१८. जापान भ्रमणको डायरी
१९. विषय–सूची
२०. धम्मपदट्ठकथा (नेवारी) भाग–२
२१. धम्मपदट्ठकथा (नेवारी) भाग–१ (प्रेसमा)
२२ संक्षिप्त कथा सहित धम्मपद (प्रेसमा)
२३. बुद्धकालीन महिलाहरू भाग–२ (प्रेसमा)




Downloaded from http://www.dhamma.digital



आनन्दकुटी बिहारमा बनिएको श्रीलंकाचैत्य, जसको उद्घाटन समारोहको लागि श्रीलंकाबाट नारद महाथेर ई. सं. १९४८ मा आउनुभएको थियो । उद्घाटन समारोहको दृश्य ।

Downloaded from http://www.dhamma.digital



र्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेव वि. सं. २०१८ साल
ासोर महीनामा आनन्दकुटी विद्यापीठमा सवारी हुँदाको दृश्य ।




श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट ई. सं. १९७७ (वि. सं. १९३४) बु. सं. २५२१ सौं बैशाख पूर्णिमाको दिनमा आनन्दकुटी विहारस्थित बुद्धमूर्तिको पूजा तथा सर्वज्ञ बुद्ध धातुको दर्शन । दायाँ पट्टि भिक्षु अमृतानन्द ।

Downloaded from http://www.dhamma.digital



ई. सं. १९५१ फेब्रवरीमा श्रीलङ्काबाट नेपाल आउनुभएका महास्थविरहरू । देब्रेबाट: पं. वेलिगम ञाणरतन महाथेर, मदिहे पञ्ञासीह महानायक महाथेर र भिक्षु अमृतानन्द ।



<

श्री ५ त्रिभुवन सरकार र भिक्षु अमृतानन्द ई. सं. १९५२ अक्टोबरमा कलकत्ताबाट ल्याइएको अग्रश्रावकहरूको अस्थिधातु भएको सुवर्णमय चैत्यको मयूर आकारले सजाइएको मोटरमा ।

Downloaded from http://www.dhamma.digital




ई. सं. १९५२ को बैशाख पूर्णिमाको उपलक्ष्यमा स्वयम्भू, भुइखेलमा भएको ग्रामसभामा: स्वर्गीय श्री ५ त्रिभुवन, तत्कालीन गृहमन्त्री श्री विश्वेश्वर प्रसाद कोइराला, श्री लोकदर्शन बज्राचार्य र भिक्षु अमृतानन्द ।




स्वर्गीय श्री ५ त्रिभुवन सरकार ई. सं. १९५२ अक्टोबरमा बुद्धका अग्रश्रावक सारिपुत्र र महामौद्गल्यायनका अस्थिधातु कलकत्ताबाट ल्याइएको बेलामा स्वागत समितिको अध्यक्षको हैसियतबाट स्वागत भाषण गरिबक्सेको ।

Downloaded from http://www.dhamma.digital






ई. सं. १९३७ को बैशाख पूर्णिमाको दिन कालिम्पोङ्गमा भएको बुद्ध यात्राको दृश्य । देब्रेपट्टि भिक्षु शाक्यानन्द र दाहिनेपट्टि श्रामणेर अमृतानन्द ।

स्वर्गीय श्री ५ त्रिभुवनद्वारा ई. सं. १९५२ अक्टोबरमा कलकत्ताबाट विशेष हवाईजहाजद्वारा ल्याइएको अग्रश्रावकहरूको अस्थिधातु भएको सुवर्णमय चैत्यको गौचर हवाई अड्डामा स्वागत गरिबक्सेको ।



Downloaded from http://www.dhamma.digital



भिक्षु अमृतानन्द प्रब्रजित हुनुभन्दा अगाडि लालकाजी शाक्य,
पाल्पा तान्सेन ।

Downloaded from http://www.dhamma.digital



आनन्दकुटी विहारको बुद्धमूर्ति ।

Downloaded from http://www.dhamma.digital



स्वर्गीय श्री ५ त्रिभुवन सरकारका साथ तत्कालीन स्वर्गीय श्री ५ युवरा·
जाधिराज महेन्द्र सरकार ई. सं. १९५२ बैशाख पूर्णिमाको दिन बिहान
आनन्दकुटी विहारमा सवारी होइबक्सँदा भिक्षु अमृतानन्दले परित्राण–
सूत्र रक्षाबन्धन मौसूफको बाहुलीमा बाँधिरहेको दृश्य ।

Downloaded from http://www.dhamma.digital



श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकार २५२१ सौं बुद्धजयन्ती समारोहको अवसरमा आनन्दकुटी विहारमा सवारी होइबक्सेको बेलामा आनन्दकुटी कन्या विद्यापीठका छात्राहरूद्वारा लावासहित फूल छरी स्वागत गर्दाको दृश्य ।

Downloaded from http://www.dhamma.digital





ई. सं. १९४६ अप्रैलमा श्रीलङ्काबाट नेपालमा आएका शिष्ट-मण्डलका सदस्यहरू। अगाडि नारद महाथेर । पछाडि बायाँमा पियदस्सी महाथेर, स्व. डा. प्रो. रतन सुरिय, प्रो. आरियपाल र भिक्षु अमृतानन्द ।

< पियदस्सी महाथेर उलिंकाठमा बसी आइरहनुभएको दृश्य ।

Downloaded from http://www.dhamma.digital



श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकार २५२१ सौं बुद्धजयन्तीको उपलक्ष्यमा विशेषरूपले सजाइएको मञ्चमा राजहोइबक्सेको। दायाँपट्टि भिक्षु अमृतानन्द र तत्कालीन मंत्री परिषद्को अध्यक्ष डा. श्री तुल्सीगिरीको भाषण ।

Downloaded from http://www.dhamma.digital



श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारलाई २५२१ सौं बुद्धजयन्ती समारोह सिद्धिएपछि आनन्दकुटी विहारबाट भिक्षु अमृतानन्दद्वारा बिदाई गर्दाको दृश्य ।

Downloaded from http://www.dhamma.digital



२५२१ सौं बुद्धजयन्तीको उपलक्ष्यमा आनन्दकुटी विहारको प्रांगणमा आयोजित आमसभामा उपस्थित नरनारीहरू ।

Downloaded from http://www.dhamma.digital



श्री ३ जुद्धशम्शेर, जसको पालामा नेपालबाट भिक्षुहरूलाई निष्कासन गरिएको थियो ।



श्री ३ पद्मशम्शेर, जसको पालामा निष्कासित भिक्षुहरूलाई भित्र्याइएको थियो ।

Downloaded from http://www.dhamma.digital



वि. सं. १९९३ (ई. सं. १९३७) मा भोजपुर जेलमा।
उभिइरहेका स्वर्गीय महाप्रज्ञा स्थविर । बसिरहेका
श्रामणेर अमृतानन्द ।

Downloaded from http://www.dhamma.digital